# गोलन्जोर गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

**ग्वालटार, सिन्धुली**

**बागमती प्रदेश,नेपाल**

## आन्तरिक आय संकलनम्बन्धी कार्यको दरभाउ पत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१।०४।२३**

गोलन्जोर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयले आन्तरिक आय संकलनको लागि आ.व. २०८१।८२ को लागि निम्न उल्लेखित कार्यको लागि ठेक्का लगाउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म वा संस्थाले तोकिएको तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही प्रथमपटक यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र दरभाउपत्र पेस गर्नुहुन सार्वजनिक आह्वान गरिन्छ ।

१. दरभाउपत्र फाराम यस गाउँपालिकाबाट यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र प्रोपाइटर वा निजको अधिकृत प्रतिनिधिबाट रु. १०००।- (रु एक हजार मात्र) दस्तुर तिरी (पछि फिर्ता नहुने गरी )यस गाउँपालिकाबाट खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्र फाराम खरिद गर्न इच्छुक निर्माण व्यवसायी एवं व्यक्तिले नियमानुसार कागजात दस्तुर तिरेको रसिद पेश गरी निवेदन दिनु पर्नेछ । निवेदन साथ उद्योग दर्ता प्रमाण पत्र, ठेक्का(इजाजत) प्रमाणपत्र,आयकरको स्थायी लेखा नम्बर, करमा दर्ता भएको प्रमाणपत्र र गत आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ । व्यक्तिको हकमा निवेदन साथ नेपाली नागरीकताको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३. खरिद गरिएका दरभाउपत्र फारम नियमानुसार भरी सुचना प्रकाशित भएको मितिले ८ औं दिनको १२: ०० बजे भित्र यस गाउँपालिकामा दाखिला गर्न सकिनेछ । दाखिला हुन आएका दरभाउपत्रहरु ८ औं दिनको १:०० बजे यस गाउँपालिकामा उपस्थित दरभाउपत्र दाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको रहोबरमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउ खोल्न कुनै बाधा पर्ने छैन ।

४. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन वा दरभाउपत्र बुझाउने अन्तिम दिन विदा पर्न गएमा सोको लगतै गाउँपालिका खुलेको दिन दरभाउपत्र खरिद गर्न र बुझाउन सकिनेछ ।

५. दरभाउपत्र खाम बाहिर दरभाउपत्र नं.,दाखिला गर्ने कार्यालयको नाम,कामको विवरण र दरभाउपत्र दाताको नाम,ठेगाना र फोन नं. स्पष्ट लेखिएको हुनुपर्नेछ ।

६. जमानत वापत कबोल गरेको अकंको ५ % हुन आउने रकम यस गाउँपालिकाको सिद्धार्थ बैक ग्वालटार शाखा सिन्धुलीमा रहेको धरौटी खाता नं. ०२११५०८२७४५ मा जम्मा भएको सक्कलै भौचर वा दरभाउपत्र पेश गर्ने अन्तिम मिति देखि कम्तिमा ४५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकहरुबाट यस गाउँपालिकाको नाममा जारी भएको जमानीपत्र पेश गर्नु पर्नेछ । सम्झौता भएपछि मात्र जमानत बापतको रकम फिर्ता हुनेछ ।

७. दरभाउपत्र दाताले दररेट उल्लेख गर्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

८. एउटा फर्म वा व्यक्ति को नामबाट खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा व्यक्ति को नाममा दाखिला गर्न पाइने छैन ।

९. दरभाउपत्र दाताले दरभाउपत्र पेश गर्दा मुल्य अभिवृद्धि कर सहितको दरभाउपत्र पेश गर्नु पर्नेछ ।

१०. स्थानिय तथा नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका करहरु दरभाउपत्र दाता स्वयमले बुझाउनुपर्नेछ ।

११. सुचना शर्त विपरित भएको, गाउँपालिकाबाट उपलब्ध गराइएको दरभाउपत्र फाराममा कुनै थपघट गरेको, रित नपुगेको, म्याद नाघी पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन तथा दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहने छ ।

१२. यस सूचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

१३. अन्य थप जानकारीको लागि यस गाउँपालिकामा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | न्यूनतम बोल कबोल अंक | जमानत रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०१/०८१/०८२ | आन्तरिक आय संकलन(फलफुल, तरकारी, चौपाय आदी निकासी) गोलन्जोर गाउँपालिका ५ सम्बन्धी कार्य | ९,९०,०००।- (मु.अ.कर बाहेक) | कबोल अकंको ५% | १०००।- |
| २ | ०२/०८१/०८२ | आन्तरिक आय संकलन(फलफुल, तरकारी, चौपाय आदी निकासी) गोलन्जोर गाउँपालिका ३ ग्वालटार सम्बन्धी कार्य | २,२५,०००।- (मु.अ.कर बाहेक) | कबोल अकंको ५% | १०००।- |
| ३ | ०३/०८१/०८२ | भवन भाडामा लगाउने(ग्वालटारमा निर्मित व्यापारीक सटर) सम्बन्धी कार्य | ३६,०००।- (मु.अ.कर बाहेक प्रति सटर बार्षिक) | कबोल अकंको ५% | १०००।- |
| ४ | ०४/०८१/०८२ | भवन भाडामा लगाउने(सोलाभन्ज्याङ्गमा निर्मित व्यापारीक सटर) सम्बन्धी कार्य | ८४,०००।- (मु.अ.कर बाहेक प्रति सटर बार्षिक) | कबोल अकंको ५% | १०००।- |
| ५ | ०५/०८१/०८२ | भवन भाडामा लगाउने(खुर्कोटमा निर्मित व्यापारीक सटर) सम्बन्धी कार्य | ८४,०००।- (मु.अ.कर बाहेक प्रति सटर बार्षिक) | कबोल अकंको ५% | १०००।- |
| ६ | ०६/०८१/०८२ | आन्तरिक आय संकलन(ग्वालटार हाट बजार) सम्बन्धी कार्य | ३८,५००।- (मु.अ.कर बाहेक बार्षिक) | कबोल अकंको ५% | १०००।- |
| ७ | ०७/०८१/०८२ | आन्तरिक आय संकलन(च्याकुटार हाट बजार) सम्बन्धी कार्य | ३८,५००।- (मु.अ.कर बाहेक बार्षिक) | कबोल अकंको ५% | १०००।- |
| ८ | ०८/०८१/०८२ | आन्तरिक आय संकलन(खुर्कोट हाट बजार) सम्बन्धी कार्य | ३८,५००।- (मु.अ.कर बाहेक बार्षिक) | कबोल अकंको ५% | १०००।- |
| ९ | ०९/०८१/०८२ | आन्तरिक आय संकलन(खनियाखर्क हाट बजार) सम्बन्धी कार्य | ३८,५००।- (मु.अ.कर बाहेक बार्षिक) | कबोल अकंको ५% | १०००।- |

ठाकुर प्रसाद दाहाल

प्रमुख प्रशासकीय अधिकृत

ठाकुर प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत